

# १ अदनको बगैंचामा शिक्षादीक्षा

***यस अध्यायका मूल पदहरू:*** उत्पत्ति २:७-२३, उत्पत्ति ३:१-६, २ पत्रुस १:३-११, २ पत्रुस २:१-१७ र हिब्रू १३:७,१७,२४।

***यस अध्यायको मूल सार पद:*** "परमेश्‍वर ता हामीभन्दा अति उच्च महिमामा रहनुहुन्छ  वा उहाँको शक्तिले उहाँ  उचालिनुभएको छ उहाँले जस्तो अरूले के सिकाउन सक्छ र?"  (अय्यूब ३६:२२ रूपान्तरित)।

प्रायजसो बाइबलका सबै पाठकहरूलाई उत्पत्ति १-३मा लेखिएको कथा थाहा हुन्छन्। ती कथाका पात्रहरूसँग पनि तिनीहरू परिचित छन्। ती पात्रहरूमा परमेश्‍वर, आदम, हव्वा, स्वर्गदूतहरू र सर्प। अदनको बगैचा जस्तो स्वर्गको आनन्दमय स्थानमा त्यस कथाको सेटिङ्ग वा रचिएको हो। कथा जुन क्रमवद्धरूपमा घटे त्यो तर्कपूर्ण र अर्थपूर्ण श्रृङ्खलावद्धरूपमा घटेको थियो। परमेश्‍वरले सृष्टि गर्नुहुन्छ। परमेश्‍वरले आदम र हव्वालाई शिक्षा र आदेश दिनुहुन्छ। आदम र हव्वाले पाप गर्छन्। आदम र हव्वा अदन बगैंचाबाट निश्कासन हुन्छ। यद्यपि, उत्पत्तिका प्रथम केही अध्यायहरूलाई नजिकै नियालेर अध्ययन गर्दा वा विशेष गरेर शिक्षाको दायराले हेर्दा त्यहाँका पात्रहरू, घट्ना घटिने स्थान र वातावरण र कथाबाट धेरै दिव्य वा आत्मज्ञानहरू उघारिएको हामी भेट्टाउन सक्छौं।

"जुन शिक्षा प्रणाली वा पद्धति यस संसारको सुरूमा स्थापना गरिएको थियो त्यो प्रणाली पाप पछि पनि मानव जीवनकालभरि नमुनाको रूपमा लिनुपर्दछ। हाम्रा प्रथम् पूर्खा वा बाबुआमाको अदनको घरमा स्थापना भएको नमुना स्कूलमा पाठशाला वा स्कूलको निम्ति विभिन्न नीतिहरू प्रस्तुत गरिएका छन्। अदनको बगैंचा आदम र हव्वाको निम्ति क्लासरुम वा पढ्ने कोठा

थियो, प्रकृति तिनीहरूको पाठ्यपुस्तक थियो भने तिनीहरूको गुरु परमेश्वर आफै हुनुहुन्थ्यो र मानव परिवारका प्रथम् पूर्खाहरू त्यस स्कूलका विद्यार्थीहरू थिए।"-एलेन जी ह्वाइट, *एजुकेशन,* पृ. २०बाट रूपान्तरित।

त्यस प्रथम् स्कूलका संस्थापक, प्रिन्सिपल वा हेडमास्टर र शिक्षक परमप्रभु परमेश्वर आफै हुनुहुन्थ्यो। तर अन्तमा, आदम र हव्वालाई आत्मनिर्णयको स्वतन्त्रता दिइएको हुनाले तिनीहरूले अर्कैलाई गुरु माने र त्यसबाट गलत शिक्षादीक्षा सिके। अनि त्यसपछि के भयो त, सुरुको शिक्षादीक्षाको बारेमा लेखिएको शिक्षा वा पठनपाठनको विवरणको पाठमा के छ जसबाट हामी सिक्न सक्छौं? तिनीहरूको जवाफ यस अध्यायमा दिन प्रयास गरिनेछ।

## १. प्रथम् स्कूल वा पाठशाला

हुन त बर्तमान परिप्रेक्षमा बगैंचालाई कक्षा कोठा भन्ने सुहाउँदैन होला तर अदनको जस्तो बगैंचा तत्कालिन पाठशाला हुनु अत्यन्तै उपयुक्त थियो किनभने त्यहाँ परमेश्वरको सृष्टिका नबिग्रिएका र प्रदुषित नभएका पठनपाठनको निम्ति असाध्यै उच्चस्तरका सामग्रीहरू थिए। वर्तमान मानव निर्मित स्कूल, कलेज र विश्वविद्यालयको दृष्टिकोणले पापमा नपरेका मानव प्राणीहरूलाई सिकाउन र पापको भूमरीमा नपरेको हाम्रो संसारको प्रथम् शिक्षक वा गुरु सिधै सृष्टिकर्ता हुनुहुन्थ्यो र बगैंचा जस्तो रमणीय स्थान "क्लासरुम वा कक्षा कोठा" भएको हाम्रो कल्पनाभन्दा पनि बाहिरको कुरो हो।

यस संसार परमेश्वरले किन रच्नुभयो, आदमलाई के काम गर्न भर्ना गरियो र सो काम गर्न उनलाई कहाँ राखियो? तिनीहरूको जवाफ केलाएर पाउन उत्पत्ति २:७-२४ पढ्नुहोस्ः " ७ तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए। ८ परमेश्‌वरले पूर्वतिर अदनमा एउटा बगैंचा लगाउनुभयो, र उहाँले बनाउनुभएको मानिसलाई त्यहीं राख्नुभयो। ९ अनि हेर्नमा राम्रो र खानमा असल फल भएको हरेक किसिमको रूख परमप्रभु परमेश्वरले भूमिबाट उमार्नुभयो। उहाँले बगैंचाको बीचमा जीवनको रूख र असल र खराबको ज्ञान दिने रूख पनि लगाउनुभयो। १० बगैंचा भिजाउनलाई अदनबाट एउटा नदी निस्केको थियो, र त्यहाँबाट छुट्टिएर त्यो चार शाखा भएको थियो। ११ पहिलो नदीको नाउँ पीशोन हो। यो त्यही नदी हो, जुन

हवीलाको समस्त मुलुकमा बहन्छ, जहाँ सुन पाइन्छ। १२ त्यस देशको सुन असल हुन्छ। त्यहाँ खोटो र आनिक्सहरू छन्। १३ दोस्रो नदीको नाउँ गीहोन हो। कूशको समस्त देशमा बहने नदी यही हो। १४ तेस्रो नदीको नाउँ टाइग्रिस हो। यो त्यही नदी हो, जो अश्शूरको पूर्वतिर बहन्छ। र चौथो नदी यूफ्रेटिस हो। १५परमप्रभु परमेश्वरले मानिसलाई लगेर अदनको बगैंचामा त्यसको गोड़गाड़ र हेरचाह गर्न राख्नुभयो। १६ अनि उहाँले मानिसलाई यो आज्ञा दिनुभयो, "बगैंचाका सबै रूखका फल तैंले सङ्कोच नमानी खाए हुन्छ, १७ तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तिमीले त्यो खान्छौ तिमी निश्चय नै मर्नेछौ। १८ फेरि परमप्रभु परमेश्वरले भन्नुभयो, "मानिस एकलो रहन असल छैन। म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु।" १९ परमप्रभुले सबै वन-पशु र आकाशका सबै पन्क्षी लाई भूमिबाट बनाएर मानिसले तिनीहरूको के-के नाउँ राख्दो रहेछ भनी हेर्न तिनीहरूलाई मानिसकहाँ ल्याउनुभयो। र मानिसले हरेक प्राणीलाई जे-जे नाउँ दिए त्यही-त्यही नै त्यसको नाउँ भयो। २० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ।

किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्।"

परमेश्वरले पुरुष र स्त्रीलाई आफ्नै स्वरुपमा बनाउनुभयो र तिनीहरूलाई घर दिनुभयो र अर्थमूलक काम दिनुभयो। शिक्षक र विद्यार्थीको बीचमा कस्तो गतिशील र प्रगतिशील सम्बन्ध हुनुपर्छ भने परमेश्वर र आदमको सम्बन्धलाई आदर्श वा नमूनाको रुपमा लिनुपर्छ। परमेश्वरले आदमलाई सृष्टि गर्नुभएकोले उनको क्षमताहरूलाई उहाँलाई थाहा थियो।

आदममा रहेका पूर्ण क्षमताहरूलाई नै मध्यनजरमा राखेर उहाँले उनलाई सिकाउन सक्नुहुन्थ्यो।

परमेश्वरले आदमलाई जिम्मेवारी दिनुभएको थियो तर त्यो जिम्मेवारी करले होइन खुशीले बहन गरुन् भन्ने उहाँको चाहना थियो। र शायद उनलाई खुशी बनाउनलाई नै उहाँले उनलाई विभिन्न जिम्मेवारीहरू सुम्पिनुभएको थियो। आखिरमा जिम्मेवारीहरू पाएपछि त्यसलाई लगनशीलता र विश्वस्त तरिकाले पूरा गर्न पाएपछि कसले संतुष्टता र सुखीपनाको अनुभव गर्दैन र? आदमको मनमा के थियो र उनले महसुस गरेका आवश्यकतालाई प्रगतिशीलको बाटोमा अग्रसर गराउन उहाँले उनलाई बगैंचाको हेरचाह गर्ने काम दिनुभयो। उत्पत्ति २:१५ले स्पष्टरुपमा यो उल्लेख गरिएको छः अनि परमप्रभु परमेश्वरले मानिसलाई अदनको बगैंचामा लानुभयो र त्यसलाई हेरचाह र स्याहार गर्न उनलाई त्यहाँ राख्नुभयो। हामीले थाहा पाएको अहिलेको पाप, प्रदुषण, क्षतबिक्षत र मृत्युले राज गरेको यस पृथ्वीमा आदमलाई के कामको जिम्मेवारी दिनुभयो सो कल्पना गर्न हामीलाई गाऱ्हो भएतापनि उनले परमेश्वरबाट धेरै पाठहरू सिकेका थिए र अदन बगैंचाको घरलाई सम्हालेका थिए।

आदमले हेरचाह गर्न र साथी बनाउन परमेश्वरले पशुपंक्षी आदि सृष्टि गर्नुभएको थियो र उनलाई श्रीमतीको आवश्यकतालाई मध्यनजर राखेर उहाँले हव्वा सृष्टि गर्नुभएको थियो भनेर उत्पत्ति २:१९-२३मा खुलाइएको छ। आदमलाई सहयोगी चाहेको थियो र त्यो सहयोगी उनको सरह हुनुपर्छ भनेर परमेश्वरलाई थाहा थियो त्यसकारण उहाँले स्त्रीलाई सृष्टि गर्नुभयो।

परमेश्वरसँग घनिष्ट र नजिक सम्बन्ध मानिसले राखिरहनुपर्छ भनेर उहाँलाई थाहा थियो। त्यसकारण उहाँले अत्यन्त रमणीय अदनको बगैंचामा विशेप छुट्याइएको स्थान सृष्टि गर्नुभएको थियो जहाँ उहाँ र मानिसको बीचमा आदानप्रदान होस्। ती सबै कुराले सृष्टिमा परमेश्वरको लक्ष्य र मानव प्राणीप्रति उहाँको प्रेमको पुष्टि गर्दछ। फेरि अदनको बगैंचा र हाम्रो बीचमा ठूलो दुरी भएको कारणले आदमको जीवन कस्तो थियो होला भनेर कल्पना गर्न गाऱ्हो भएतापनि कल्पना गर्न रमाइलो हुँदैन र?

हो, हामी अदनबाट धेरै टाढा भएतापनि प्राकृतिक सम्पदाबाट अझै धेरै पाठहरू सिक्न सक्छौं। हामीले के के पाठहरू सिक्न सक्छौं र धर्मशास्त्र

बाइबलको दृष्टिकोणले ती पाठहरू व्याख्या गर्न सकियो भने हामीले त्यसबाट के फाइदा लिन सक्छौं?

## २. हस्तक्षेप वा घुसपैठ

जब स्कूल सुरु हुन्छ तब धेरै शिक्षक वा शिक्षिकाहरू अत्यन्तै उत्सुक र रमाइलो मानेर पठनपाठनको निम्ति तयार गर्छन्। बुलेटिन बोर्ड टाँगेर, कक्षाको निम्ति पाएका सामग्री मिलाउन वा थन्क्याएर र कतिपय कक्षा कोठामा भएका मेचहरू आफूलाई मनपर्ने गरि मिलाउने कामहरू गरेर विद्यार्थीहरूलाई भित्राउन शिक्षकहरू तयार पार्दछन्। जब अदनको बगैंचामा परमेश्वरले कक्षा कोठा सजाउनुभयो तब आदम र हव्वालाई उपयुक्त सिक्ने वातावरण आफ्नो परिकल्पना अनुसार उहाँले तयार पार्नुभएको थियो। त्यस कक्षा कोठाको वरिपरिको वातावरण सुन्दर भएको उहाँले चाहनुभएको थियो। प्रत्येक फूल, चरा, जनावर र रुख आदम र हव्वाको निम्ति अध्ययन गर्ने विषयबस्तुहरू थिए। तिनीहरूको संसार र तिनीहरूको सृष्टिकर्ताको बारेमा सिक्ने अवसर तिनीहरूलाई उपलब्ध गराइएको थियो।

तर अचानक उत्पत्ति २बाट उत्पत्ति ३मा आउँदा त्यस वातावरण बिग्रन पुगेको हामी पाउँछौं। उत्पत्ति १ र २मा परमेश्वरले सृष्टि गर्नुभएका थोकहरू उहाँको नियत अनुसार सबै असल थिए भनेर सम्बोधन गरेको हामी पाउँछौ। तर मानिसलाई स्वचालित यन्त्रमानव वा रोबोट परमेश्वरले सृष्टि नगरि उनलाई आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रताले सजाएर उहाँले सृष्टि गर्नुभएको थियो। उत्पत्ति ३:१मा त्यो आत्मनिर्णय, चेतना वा स्वविवेकको स्वतन्त्रताको बारेमा हामीलाई सजग गराइएको पाउँछौं। उत्पत्ति ३:१ सर्पको बारेमा उल्लेख गर्दै "जमिनका सबै जनावरहरूमा सर्प अत्यन्तै धुर्त" भनेर सर्पको स्वभावलाई चित्रण गर्दछ। यो पहिला प्रयोग गरेको लवज भन्दा फरक छ। आफ्नो सृष्टिको बारेमा वयान गर्दा परमेश्वरले यी शब्दहरू पहिला प्रयोग गर्नुभएको थियोः "राम्रो", "धेरै राम्रो वा असल", "लाज नभएको" र "रमाइलो वा रमणीय।" तर अब सर्पको मामिलामा उसको बारेमा वर्णन गर्दा फरक ढङ्गले वर्णन गरिएको छ। "धुर्त" भन्ने शब्द कुनै कुनै अनुवादमा "चलाख" भनेर प्रयोग गरिएको छ। परिपक्व र सिद्ध संसारमा अब नकारात्मक तत्व वा शब्दलाई पहिलो पल्ट बाइबलमा घुसार्नु परेको देखाइएको छ।

तर सर्पको धुर्त स्वभावको बिपरित परमेश्वरको स्वभाव बाइबलमा प्रस्तुत गरिएको छ। पहिलो जोडीबाट परमेश्वरले के अपेक्षा गर्नुभएको थियो त्यो उहाँले स्पष्टरुपमा जोड दिएर आदेश दिनुभएको थियो। उत्पत्ति २:१६,१७मा नै परमेश्वरले एउटा मूल नीति त्यस जोडीलाई दिइएको थियो। त्यो नीति वा नियम तिनीहरूले पालन गर्नैपर्ने आदेश दिइएको थियो। त्यो थियो तिनीहरूलाई मनाही गरेको रुखको फल नखानु।

उपरोक्त आदेशबाट हामीले जे सिकेतापनि एउटाचाहीँ उल्लेखनीयरुपमा धरोहर जस्तै उभिएको हामी पाउँछौं। त्यो थियो आदम र हव्वा स्वतन्त्र नैतिक प्राणी भएर सृष्टि गरिएको थियो, अर्थात् तिनीहरूलाई स्वविवेक, चेतना वा आत्मनिर्णयको स्वतन्त्रता दिइएको हुनाले परमेश्वरको आज्ञा मान्ने वा नमान्ने अधिकार दिइएको थियो। यसले गर्दा पाप आउनुभन्दा अघि वा यस संसार पतित हुनुभन्दा अघि आत्मनिर्णय वा स्वविवेकको स्वतन्त्रतालाई परमेश्वरले कदर गर्नुभएको वास्तविक तथ्य हामी देख्न सक्छौं (अर्थात् कुनै करकापमा, आफ्नो इच्छाबिपरित परमेश्वरलाई विश्वास गर्न वा इसाई बनाउने नीति परमेश्वरको नभएको हामी पाउँछौं-अनुवादकको थप)।

उत्पत्ति ३:१-६ गहिरिएर केलाउँदै पढ्नुहोस्। सर्पको बारेमा कसरी त्यहाँ वर्णन गरिएको छ? सर्पले दिमागै खलबलाउने खालको के षडयन्त्रपूर्ण प्रश्न गरेको थियो? सर्पले हव्वालाई के भन्यो जुन हव्वाले दोहोऱ्याइकी थिइन्? सर्पले हव्वालाई कस्तो गलत सूचना वा धारणा दिएको थियो? हव्वा आफैले असल र खराबको रुखको बारेमा थाहा भएको कुरो सर्पलाई भनेकी थिइन्? हेर्नुहोस, "१ परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरूमध्ये सर्प सबभन्दा धूर्त थियो। त्यसले स्त्रीलाई भन्यो, “के परमेश्वरले तिमीहरूलाई बगैंचाको कुनै पनि रूखको फल नखानू भनी भन्नुभएको छ?” २ स्त्रीले सर्पलाई भनिन्, “बगैंचाका रूखहरूका फल हामी खान सक्छौं, ३ तर बगैंचाको बीचमा भएको रूखका फलको विषयमा परमेश्वरले भन्नुभएको छ, ‘त्योचाहिँ नखानू र नछुनू, नत्रता तिमीहरू मर्छौं’।” ४ सर्पले स्त्रीलाई भन्यो, “तिमीहरू मर्दैनौ। ५ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।” ६ जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ

भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए।"

यदि मनाही वा निषेद गरिएको रुखबाट फल खायो भने "निश्चयनै तिमी मर्नेछौ" भनेर जोड दिएर परमेश्वरले आदमलाई भन्नुभएको थियो भनेर उत्पत्ति २:१७मा बताइएको छ। जब उत्पत्ति ३:३मा त्यही आदेशलाई हव्वाले दोहोऱ्याउँदा त्यसमा जोड दिएर भनेकी थिइनन्। उनले "निश्चय" भन्ने शब्दलाई प्रयोग गरेकी थिइनन्। उत्पत्ति ३:४मा त्यो परमेश्वरले प्रयोग गर्नुभएको शब्द "निश्चय" सर्पले जोड्दछ तर परमेश्वरले भन्नुभएको बिपरित उसले प्रयोग गरेको थियो (नेपाली बाइबल अनुवादमा "निश्चय" भन्ने शब्द हटाइएको छ-अनुवादकको थप)। त्यसको अर्थ हव्वालाई परमेश्वरले बगैंचामा जे जे सिकाउनुभएतापनि उहाँको शिक्षादीक्षालाई गम्भिरतापूर्वक नलिएको देखिन्छ। उनले प्रयोग गरेको लवजले नै यस कुरालाई पुष्टि गर्दछ।

## ३. चुकिएको वा वेवास्ता गरिएको सन्देश

अघिल्लो बुँदामा हामी हेऱ्यौं कि परमेश्वरको स्पष्ट आदेशको बाबजुद पनि आफूले जे सिकेकी थिइन् त्यो हव्वाले वेवास्ता गरेकी थिइन्। परमेश्वरले दिनुभएको आदेशलाई उनले होइन भनेको त होइन तर उनले त्यस आदेशलाई गम्भिररुपमा उनले लिएकी थिइनन्। परमेश्वरको आदेशलाई गम्भिररुपमा नलिएको कारणले त्यसको नतिजा सबै सृष्टिमा कस्तो परेको थियो भन्ने कुरा सबैलाई थाहा छ।

यसरी जब हव्वाले सर्पसँग सामना गरिन् तब उनले परमेश्वरले भन्नभएको जस्तै ठ्याक्कै नभनेतापनि निषेध गरिएको रुखको बारेमा सर्पलाई सुनाएकी थिइन् (उत्पत्ति ३:२,३)। हामीलाई थाहा छ यो सन्देश सर्पको निम्ति कुनै नयाँ थिएन। परमेश्वरको आदेश सर्पलाई थाहा थियो र त्यसकारण हव्वाको अज्ञानताको फाइदा उठाएर त्यसलाई बँग्याउन ऊ तयार थियो।

उत्पत्ति ३:४-६ फेरि राम्रोसँग केलाएर हेर्नुहोस्। परमेश्वरले ठ्याक्कै भन्नुभएको सन्देशलाई अस्वीकार गर्दै सर्पले हव्वालाई के भन्यो जसले गर्दा उसले सफलता हासिल गऱ्यो? सर्पले के नीतिहरूमाथि फाइदा उठायो? यसमा आदम र हव्वाको सबभन्दा कमजोर पक्ष के थियो?

जब सर्पले गलत सन्देश हव्वालाई सुनायो तब उनले परमेश्वरसँग सल्लाह माग्नुपर्थ्यो। अदनको बगैंचामा सिकेको शिक्षाको सौन्दर्यता यही थियो

कि विद्यार्थीहरूले आफूलाई नजानेको र नबुझेको कुरा शक्तिशाली र सर्वज्ञानी महा गुरु परमेश्वरसँग सिधै सोध्न सकिन्थ्यो। तर सर्पको कुरा नसुनी फर्कनुको सट्टा, परमेश्वरसँग सहायता माग्नुको सट्टा हव्वाले सर्पको कुरा सुन्छिन्। हव्वाले सर्पको कुरा सुन्नको अर्थ उनले परमेश्वरको बारेमा शङ्का गरेको देखाउँछ। उहाँले के आदेश दिनुभयो त्यो उनले हल्कारुपमा लिएर सर्पकै कुरा सुन्ने निधोमा उनी गएकी थिइन्।

फेरि यस विषयमा आदम पनि अनजान थिएन। आफू कठिन परिस्थितिमा परेको आदमले महसुस गर्न पुगेका थिए। "आदमलाई थाहा थियो कि उनको सहयोगी वा श्रीमतीले परमेश्वरको आज्ञालाई तोडेकी थिइन्। परमेश्वरप्रति स्वइच्छा वा स्वविवेकले श्रद्धा राख्ने, प्रेम वा विश्वास गर्ने कि नगर्ने, उहाँप्रति बफादारी भएर बस्ने कि नबस्ने भन्ने एउटामात्र प्रावधान वा जाँचमा हव्वा असफल भएको आदमलाई थाहा थियो। उनको दिमागमा भिषण द्वन्द्व चलेको थियो। आफूबाट अलग भएर हव्वालाई घुम्न पठाएकोले आदमले शोक त गरे। तर अव जे भयो भयो। उनी हव्वाबाट अलग हुनै पर्दछ। हव्वाको साथमा हुँदा उनी अत्यन्तै खुशी, रमाइलो र आनन्द थिए। उनी बिना आदम अब खुशी, रमाइलो र आनन्द कसरी हुने त?" –एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ५६बाट रूपान्तरित। दुर्भाग्यवस के ठीक थियो र के बेठिक थियो उनलाई थाहा भएतापनि उनले पनि गलत निर्णय गरेर हव्वासँगै पापमा होमिए।

शैतान वा सर्पले चलाखी वा धुर्त बनेर आदम र हव्वालाई फसाएको सोच्नुहोस्। "यदि तिमीहरूले यसको फल खायौ भने तिमीहरू देवताहरू जस्तै हुनेछ वा परमेश्वर जस्तै हुनेछौ" (त्यसको अर्थ हव्वालाई सर्पले बोल्दा आदम पनि नजिकै थियो भन्ने आभास् दिन्छ-अनुवादकको जिज्ञासा) भनेर तिनीहरूलाई सर्पले झुठो बोलेर धोखा दिएको थियो। तिनीहरू परमेश्वरको स्वरुपमा सृष्टि गरिएका थिए भनेर के उत्पत्ति १:२७मा भनिएको थिएन र? यस घट्नाले हामीलाई के सिकाउँछ? हामीमा परमेश्वरप्रतिको अगाढ आस्था, उहाँसँग निरन्तर सम्पर्क र उहाँको आज्ञा पालनमात्र हाम्रो आत्मिक, मानसिक र शारीरिक सुरक्षित किल्ला हो नत्र भने आदम र हव्वाले जस्तो उत्कृष्ट र उच्च शिक्षा हासिल गरेतापनि शैतान र उसका मतियारहरूले ल्याउने अनेकौं प्रलोभन र परिक्षाको सजिलै शिकार हुनसक्छौं।

## ४. गुमाएको कुरा फेरि हातमा पार्नु

परमेश्वरको आदेश भन्दा सर्प वा शैतानको वचन सुन्न निर्णय गरेकाले आदम र हव्वा अदनको बगैंचा जस्तो सुन्दर पाठशाला गुमाउनु पऱ्यो। परमेश्वरको आज्ञालाई ठाडो उलङ्घन गर्दा तिनीहरू उहाँको स्कूलबाट निश्कासित हुनुपरेको साथै तिनीहरूले धेरै नराम्रो नतिजाहरू भोग्नु परेको थियो। आदम र हव्वाले पाप गरेको कारणले के के थोक तिनीहरूले गुमाउनुपऱ्यो सो सोच्नु जरुरी छ। जब तिनीहरूको पतनको बारेमा हामी बुझ्छौं तब वर्तमान युगमा शिक्षाको उद्देश्य के हो सो राम्रोसँग बुझ्न सक्छौं। तिनीहरू सुन्दरमय र रमाइलो पाठशालाबाट निश्कासित भएर अपूर्ण वा असिद्ध संसारमा होमिनुपरेतापनि तिनीहरूले सिक्नुपर्ने शिक्षाको नयाँ उद्देश्यमा तिनीहरू पसेका थिए।

यदि पापको प्रवेश हुँदा अघि आदम र हव्वाले परमेश्वरसँग चिरपरिचित हुनु, उहाँको चरित्र तथा स्वभावको बारेमा सिक्नु, उहाँ कस्तो असल हुनुहुन्छ र उहाँको प्रेमको बारेमा सिक्नु नै तिनीहरूको शिक्षादीक्षाका मूल विषयवस्तुहरू थिए भने तिनीहरू बगैंचाबाट निश्कासन भएपछि पनि मानव जगतले झन त्यही विषयबस्तुहरू अझ जोड गरेर सिक्नु आवश्यक थियो। ती विषयबस्तुहरूसँग मानव जगत परिचित हुनु र हामीमा भएको परमेश्वरको स्वरुपको पुनः संरचना गर्नु नै सही र असल शिक्षाको उद्देष्य हो। भौतिकरुपमा परमेश्वरका सन्तानहरू उहाँको साक्षात उपस्थितबाट अलग भएतापनि तिनीहरूले अझ पनि उहाँलाई चिन्न सक्दछन्, उहाँको भलाई, मानव जगतको निम्ति उहाँले सोच्नुभएको कल्याण र उहाँको प्रेमको बारेमा सिक्न सक्दछन्। प्रार्थनाद्वारा, उहाँको र एक आपसमा गरिने सेवाकार्यद्वारा र उहाँको वचन अध्ययन गरेर अदनको बगैंचामा आदम र हव्वा उहाँको नजिक आएको जस्तै हामी पनि उहाँको नजिक आउन सक्छौं।

हामीले पाएको शुभ सन्देश वा रमाइलो समाचार त यो होकी येशू र मुक्तिको निम्ति तयार पारिएको योजनाले हामीले सबै थोक गुमाएका छैनौं। मुक्ति, हाम्रो अस्तित्व र यस पृथ्वीको पुनसंरचना वा पुनर्स्थापनामा हामी आशा गर्दछौं र विश्वास गर्दछौं। त्यही अवधारणालाई मध्य नजर राख्दै सहि वा असल इसाई शिक्षाको रणनिति वा लक्ष्य पनि येशूले के गर्नुभयो भनेर सिकाउनु र उहाँले उपलब्ध गराउनुभएको पुनर्स्थापनातिर विद्यार्थीहरूलाई औंल्याउनु पर्दछ।

२ पत्रुस १:१-११ पढ्नुहोस्। अदनको बगैँचाबाट किश्कासन भएपछि मानव जगतले जे गुमाउनु परेतापनि पत्रुसले हामीलाई के भन्दछ जसले हामीलाई हौशला र उत्साह दिन्छ? हामीले के फेरि हातमा पार्न सक्छौं? हामीहरूको जीवनमा परमेश्वरको स्वरुपलाई पुनर्स्थापना गर्न खोज्न हामीले के गर्नुपर्छ भनेर पत्रुसले लेख्दछन्? हेर्नुहोस्, "१ येशू ख्रीष्टको दास र प्रेरित सिमोन पत्रुसबाट, र हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकतामा हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरूलाईः २ परमेश्वरको र येशू हाम्रा प्रभुको ज्ञानमा अनुग्रह र शान्ति तिमीहरूमा प्रशस्त हुँदैजाओस्। ३ आफ्नो महिमा र श्रेष्ठताद्वारा हामीलाई बोलाउनुहुनेलाई हामीले चिनेका हुनाले परमेश्वरको दिव्य शक्तिद्वारा जीवन र भक्तिको निम्ति हामीलाई चाहिने प्रत्येक थोक उहाँले दिनुभएको छ। ४ यसैद्वारा उहाँले हामीलाई उहाँको अनमोल र महान् प्रतिज्ञाहरू दिनुभएको छ, कि यस संसारका कुइच्छाबाट आउने भ्रष्टताबाट उम्केर तिमीहरू ईश्वरीय स्वभावका सहभागी होओ। ५ यसैकारण सबै किसिमका प्रयत्नद्वारा तिमीहरूको विश्वासमा सद्गुण र सद्गुणमा ज्ञान थप, ६ ज्ञानमा आत्मसंयम, आत्मसंयममा धैर्य, धैर्यमा भक्ति, ७ भक्तिमा भातृ-स्नेह, भातृ-स्नेहमा प्रेम थप। ८ किनकि यी कुराहरू तिमीहरूमा प्रशस्त छन् भने हाम्रा प्रभु येशू ख्रीष्टको ज्ञानमा यी कुराहरूले तिमीहरूलाई बेकम्मा र निष्फल हुनदेखि बचाउनेछन्। ९ किनकि यी कुराहरूमा अभाव भएको मानिसचाहिँ पुराना पापहरूबाट शुद्ध भएको कुरा बिर्सेर अन्धा र टाढ़ाका कुरा नदेख्नेजस्तो हुन्छ। १० यसैकारण भाइ हो, तिमीहरूको बोलावट र चुनाउ निश्चय गर्नलाई अझ जोशिला होओ, किनकि यी कुरा गर्नाले तिमीहरू कहिल्यै लोट्नेछैनौ। ११ किनभने यसरी हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ।"

"जीवन र ईश्वरीय भक्तिको निम्ति हामीलाई सबै थोक येशूद्वारा दिइएको छ" (रूपान्तरित)। यो कस्तो अचम्मको प्रतिज्ञा! त्यस प्रतिज्ञामा के के समाबेश भएका रहेछन्? पत्रुसले त्यसको सूची प्रस्तुत गर्दछः विश्वास अर्थात् आस्था, सदगुण, ज्ञान, आत्मसंयम, आत्मसंयमतामा धैर्यता र आदि। यो कुरा ख्याल राख्नुहोस् कि येशूमा पाएको प्रतिज्ञामा ज्ञान पनि समावेश भएको छ। यसले हामीलाई शिक्षाको अवधारणातिर अग्रसर गराउँछ। सत्य वा सही शिक्षाले हामीलाई सत्य वा सही ज्ञानतिर अग्रसर गराउँछ। त्यो ज्ञान हो येशूको बारेमा पाउने ज्ञान। जब हामी उहाँको बारेमा ज्ञान वा आत्मज्ञान

पाउँछौं तब हामी उहाँ जस्तो झन झन हुँदै जान्छौं र अरूलाई उहाँको बारेमा ज्ञान बाड्न तत्पर हुन्छौं।

निषेध गरिएको वा नखाऊ भन्ने फलको रुख "असल र खराबको ज्ञान दिने रुख" भन्नुको वास्तविक अर्थ के होला? एक छिन सोच्नुहोस्। सबै ज्ञान असल हुनैपर्छ छैन भनेर त्यसले हामीलाई के सन्देश दिन्छ? वर्तमान युगमा नै असल र खराब ज्ञानलाई हामीले कसरी छुट्याउने?

## ५. हित खोज्ने अगुवा वा अधिकारिक व्यक्तिको आदेशलाई पालना नगर्ने वा हेला गर्ने

कतिपय कक्षा कोठा वा पाठशालामा भर्ना भएका विद्यार्थीहरू स्वाभाविकैरुपमा विद्यार्थी वा सिक्ने खुबी भएका हुन्छन्। अत्यन्तै उच्च नम्बर पाउन वा क्लासमा अघिल्लो स्थान पाउन तिनीहरू जाँचको बेलामामात्र रातभरि बत्ती बालेर पढ्ने खालका हुन्छन् किनकि कक्षामा नै सिकिरहेको बेलामा तिनीहरू ध्यान पूर्वक सुन्दछन् र जे सुने वा सिके भित्री हृयददेखि पचाइ रहेका हुन्छन्। तिनीहरूले जे सिकिरहेका हुन्छन् त्यसमा तिनीहरू अडिग भइरहेका हुन्छन् र दिमागमा गाढिरहेका हुन्छन्। तर २ पत्रुस १ र २ अध्यायहरूले भन्दछन् कि यदि हामी येशूमा शिक्षा हासिल गरिरहेका हुन्छौं भने शिक्षा पाउने समान अवसरमा सहभागी भइरहेकामात्रै हुँदैनौं तर उहाँमा समर्पित जीवन पनि बिताइरहेका हुन्छौं।

जसरी २ पत्रुस १मा हामीलाई उत्साह दिने र हौशला दिने खालका वचनहरू दिएका छन् भने २ पत्रुस २मा हामीलाई गम्भिर चेतावनी पनि दिएको छ। २ पत्रुस २ चाहीं २ पत्रुस १को बिपरित छ।

२ पत्रुस २ विशेष गरेर १-१७ पढ्नुहोस्। यहाँ पत्रुसले अत्यन्तै प्रभावकारी वा शक्तिशाली र दोष दिने खालका शब्दहरू ती देखावटी इसाई हुँ भनेर दावी गर्नेहरूलाई लक्षित गरेको पाउँछौं। फेरि यस्तै तिखो वा धारिलो निन्दा र भन्डाफोर गर्ने चेतावनीहरूको बीचमा पनि महान् आशाको प्रतिज्ञाको किरण चम्किरहेको हामी पाउँछौं। हेर्नुहोस्, "१ जसरी इस्राएलीहरूका माझमा झूटा अगमवक्ताहरू पनि थिए, त्यसरी तिमीहरूका माझमा झूटा शिक्षकहरू खड़ा हुनेछन्। यिनीहरूले गुप्त रूपले विनाशकारी झूटा शिक्षाहरू ल्याउनेछन्, यहाँसम्म कि तिनीहरूलाई उद्धार गर्नुहुने स्वामीलाई पनि तिनीहरूले इन्कार गर्नेछन्, र आफैमाथि चाँड़ै विनाश ल्याउनेछन्। २ र धेरै जनाले तिनीहरूका

विलासी आचरणको अनुसरण गर्नेछन्, र तिनीहरूको कारण सत्यका मार्गको
बदनामी हुनेछ। ३ लोभको वशमा परेर तिनीहरूले झूटा कुरा बनाएर
तिमीहरूबाट फाइदा उठाउनेछन्। तिनीहरूका दण्डको कुरा अघिबाटै निर्णय
भइसकेको छ, र तिनीहरूका विनाशको कुरा जागै छ। ४ स्वर्गदूतहरूले पाप
गर्दा परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा
फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा
जकड़िराख्नुभयो। ५ उहाँले प्राचीन संसारलाई बाँकी राख्नुभएन, तर
भक्तिहीनताको संसारमा जलप्रलय गराउनुहुँदा धार्मिकताका प्रचारक नोआ र
अरू सात जनालाई सुरक्षित राख्नुभयो। ६ उहाँले सदोम र गमोरा
सहरहरूलाई भस्म पारेर तिनको अस्तित्व नै मेटाइदिनुभयो, र भक्तिहीनहरूका
सामु तिनीहरूलाई एक उदाहरण बनाउनुभयो। ७ उहाँले दुष्टहरूका
कामुकताबाट अति दुःखित भएका धार्मिक लोतलाई बचाउनुभयो। ८ (ती
मानिसहरूका माझमा बस्दा, र दिन प्रतिदिन तिनीहरूका कुकर्म देख्दा र सुन्दा,
तिनी आफ्नो धार्मिक आत्मामा व्याकुल हुन्थे।) ९ यसरी भक्तलाई परीक्षाबाट
बचाउन र भक्तिहीनहरूलाई न्यायको दिनसम्म दण्डमा जकड़िराख्न प्रभु
जान्नुहुन्छ, १० विशेष गरी तिनीहरूलाई, जो अशुद्ध पार्ने कामवासनामा
डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन्। यिनीहरू हठी र अहङ्कारी हुन्छन्,
र स्वर्गीय प्राणीहरूको निन्दा गर्न डर मान्दैनन्। ११ तर स्वर्गदूतहरू शक्ति
र सामर्थ्यमा अझ उच्च भए तापनि प्रभुको सामने ती प्राणीहरूलाई निन्दापूर्ण
दोष दिँदैनन्। १२ तर यी मानिसहरू आफैले नबुझेका कुराहरूको निन्दा
गर्छन्। यिनीहरू विवेकहीन जनावरहरूजस्ता छन्, र स्वाभाविक इच्छाहरूका
वशमा रहन्छन्। यिनीहरू पक्रेर मारिनलाई जन्मेकाहरूजस्तै छन्, र यिनीहरू
पशुहरूजस्तै नष्ट हुनेछन्। १३ आफूले गरेका खराबीहरूका निम्ति तिनीहरू
आफैले पनि खराबी भोग्नेछन्। दिउँसै भोग-विलासमा मग्न रहनु यिनीहरू
खुशीको कुरा ठान्छन्। तिनीहरू धब्बा र खोटहरू हुन्, र तिमीहरूसँग भोजमा
बस्दा तिनीहरू बेसरी खाँदै पिउँदै विलासितामा मग्न रहन्छन्। १४
तिनीहरूका आँखा व्यभिचारले भरिएका हुन्छन्, र जत्ति पाप गर्दा पनि नअघाउने
हुन्छन्। तिनीहरूले चञ्चल मन भएकाहरूलाई फुस्लाउँछन्। तिनीहरूका
हृदयले लोभमा तालीम पाएका हुन्छन्। तिनीहरू श्रापित सन्तान हुन्। १५
सोझो मार्ग छोड़ेर तिनीहरू कुमार्गमा लागेका छन्। खराब कामको लाभ
असल मान्ने बओरको छोरो बालामको पछि तिनीहरू लागेका छन्। १६

त्यसले आफ्नै अपराधको निम्ति हप्की पाएको थियो– गूँगो गधाले मानिसको बोलीमा त्यस अगमवक्ताको पागलपनालाई रोकिदिएको थियो। १७ तिनीहरू पानी नभएका मुहानहरू हुन्, आँधीले उड़ाएका तुवाँला हुन्। तिनीहरूका निम्ति पातालको अन्धकार साँचिएको छ। १८ तिनीहरू मूर्खतापूर्ण ठूला-ठूला अहङ्कारका कुरा हाँक्छन्, र कुमार्गबाट भर्खरै उम्केर आएकाहरूलाई शरीरका विलासमय कामवासनाका कुराले फसाउँछन्। १९ तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ। २० तर यदि तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ। २१ किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो। २२ यी सत्य उखानअनुसार नै तिनीहरूलाई यसो भएको छ, "कुकुर आफ्नै बान्तामा फर्किआउँछ," "र नुहाइदिएको सुँगुर हिलैमा लड़ीबड़ी खेल्छ।"

हाकिमको वा अधिकारवाला अवहेलना वा कुरा नमान्नेहरूलाई पद १०मा पत्रुसले औँल्याएको हेर्नुहोस्। यो केवल त्यस समयका मानिसहरूलाईमात्र लक्षित गरेको होइन अहिलेका मानिसहरूको वास्तविकताको पनि भन्डाफोर गरिएको छ। हामी चर्च भएको हैशियतले हामी भन्दा माथिको सरोकारवालाहरू वा अधिकार भएकाहरूसँग मिलिजुली काम गर्नु आवश्यक ठान्नुपर्छ। ( यस विषयमा पावलले पनि हिब्रूको पुस्तकको १३ अध्यायको पद ७, १७ र २४मा यसरी व्यक्त गर्दछन्: "७ आफ्ना अगुवाहरूको सम्झना राख, जसले परमेश्वरको वचन तिमीहरूलाई सुनाए। तिनीहरूका जीवनको परिणामलाई ध्यान देओ, र तिनीहरूका विश्वासको अनुकरण गर।... १७ तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र तिनीहरूका अधीनमा बस। किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाह गर्छन्। यो काम तिनीहरूले आनन्दसाथ गरून्। दुःख मानेर होइन, नत्रता त्यसबाट तिमीहरूलाई कुनै लाभ हुँदैन।... २४ तिमीहरूका सबै अगुवाहरू र सबै सन्तहरूलाई अभिवादन देओ।"

हाम्रा अगुवा वा हामीलाई हेरचाह गर्नेहरूको कुरा सुनेर तिनीहरूका वचनहरू पालन गर्नुपर्दछ भनेर पत्रुस र पावलले जिकिर गर्दछन्। तर ती

अगुवाहरू अरूमाथि प्रभुत्व जमाउन पायो वा रजाइँ गर्न पायो भनेर अहङ्कार वा फूर्तिले फुल्ने खालका हुने खालका नभएर आफूहरू पनि कमसेकम तिनीहरूको अगुवा वा स्वामी प्रभु येशू ख्रीष्टप्रति बफादारी हुनुपर्दछ वा उहाँमाथिको विश्वासमा अडिग हुनु पर्दछ।

पत्रुसले कठोर निन्दा गरिरहेकै बेलामा त्यसको बिपरित सकारात्मक वचनहरू पनि हाम्रो माझमा राख्दछन्। धर्म वा कुनै नाउँमा मानिसहरूलाई धोखा दिने र खराब प्रवृति हुन निर्णय गर्ने मानिसहरूलाई तिनीहरूकै पापमा तिनीहरूलाई परमेश्वरले डुवाउनुहुनेछ भन्ने वचनप्रति पत्रुस जिकिर गर्दछन् भने परमेश्वरको भक्तिमा लाग्ने, असल र ईस्वरीय स्वभाव भएका मानिसहरूलाई कसरी उद्धार गर्ने भन्ने कुरा उहाँलाई थाहा छ भनेर उनी बताउँछन् (२ पत्रुस २:९)। यस वचनलाई मध्यनजर राख्दा इसाई शिक्षाको एक प्रमुख भाग के हो भनेर हामीले जान्नपर्ने जरुरी देखिन्छ। हामीले इसाई शिक्षादिक्षा पाएपछि शैतानले ल्याउने अनेकौं प्रलोभनबाट जोगिएर बस्नेमात्र नभएर ती प्रलोभन, परिक्षा, पासोबाट परमेश्वरले हामीलाई विभिन्न तरिकाहरूद्वारा उद्धार गर्नुहुन्छ भन्ने कुरा सिक्दछौं । त्यो मात्र होइन, गोप्य वा रहस्यमय तरिकाले धर्मका खोल ओडेर मानिसहरूलाई शोषण गर्ने, फसाउने र ध्वस्त गर्नेबाट (२ पत्रुस २:१) पनि सुरक्षित भएर बस्न त्यस सत्य इसाई शिक्षादीक्षाले सहयोग। हाम्रा अगुवा, हाकिम वा हामीमाथि रेखदेख गर्न अधिकार पाएकाहरूको अवहेलना गर्नु वा विद्रोह गर्नु भनेको पत्रुसबाट निन्दा पाउनुमात्र होइन सत्य इसाई शिक्षामा हामीमाथि शासन गर्ने मानिसहरूको (हिब्रू १३:७) बारेमा उचित तथा ठीकसँग बुझ्न र तिनीहरूमाथि समर्पित भएर आज्ञाकारी कसरी बन्नु भन्ने विषय पनि समावेश हुनुपर्दछ।

आदम र हव्वाले सरासर परमेश्वरलाई हेला गरे वा उहाँको अधिकारलाई ठुक्राउने प्रवृत्तिमा तिनीहरू चलेका थिए भनेर हामीले हाकाहाकी भन्नु नसकेतापनि अन्तमा गएर तिनीहरूले परमेश्वरको आदेश वा नियमलाई उल्लङ्घन गर्न तिनीहरूले रोजेका थिए भनेर हामी भन्न सक्छौं। तिनीहरूले परमेश्वरको आज्ञा नमान्ने कदम किन धेरै नराम्रो थियो भन्दा तिनीहरू परमेश्वरको प्रभुत्व, अधिकार र स्वामित्वको विरुद्धमा सरासर खडा भएका थिए। परमेश्वर जसले तिनीहरूको हित खोज्नुभएको थियो र तिनीहरूको निम्ति कति असल काम गर्नुभएको थियो र तिनीहरूकै हितको निम्ति दिनुभएको आदेशलाई ठाडो उल्लङ्घन गरेका थिए।

अगुवा, शासकवर्ग वा हामीलाई रेखदेख गर्न जिम्मा लगाइएको व्यक्तिको बारेमा सोच्नुहोस। चर्चको मामिलामामात्र होइन, हाम्रो परिवार समाज र देशको परिप्रेक्ष्यमा पनि सोच्नुहोस्। अगुवाले उचित वा ठीकसँग आफ्नो अधिकार प्रयोग गर्नु र त्यसमा उचितरुपमा प्रतिवद्धता जनाउँदै उसको आज्ञा पालन गर्नु किन महत्त्वपूर्ण छ?

**उपसंहारः**

थप जानकारीः "पवित्र दम्पत्ति परमेश्वर पिताको हेरचाहमा रहेका सन्तानमात्र भएका थिएनन् तर तिनीहरूले सर्वज्ञानी सृष्टिकर्ताको शिक्षादीक्षा ग्रहण गर्ने वा सिक्ने विद्यार्थीहरू पनि थिए। स्वर्गदूतहरू तिनीहरूकहाँ आउँथे र तिनीहरूको सृष्टिकर्ता र तिनीहरूको बीचमा छलफल गर्न वा भेट्न कुनै वाधाअर्चन थिएन। जीवनको रुखको फल तिनीहरूले खान पाएकोले तिनीहरू जोशिलो र फूर्तिलो थिए। तिनीहरूको वौद्धिक क्षमता स्वर्गदूतहरूको भन्दा अलिकतिमात्र कम थियो। प्रत्यक्ष जगतका रहस्यहरू वा "सबै ज्ञानमा सिद्ध हुनुभएका परमेश्वरका अचम्म र आश्चर्यपूर्ण कामहरू" (अय्यूब ३७:१६) तिनीहरूको निम्ति कहिल्यै पनि अन्त्य नहुने अध्ययन गर्ने विषयबस्तु थियो र तिनीहरूले अत्यन्तै रमाइलो मानेर अध्ययन गर्दथे। प्रकृतिलाई संचालन गर्ने व्यवस्था वा नीतिहरू अध्ययन गर्न तिनीहरूको निम्ति खुला थिए। ती सिकाउने व्यक्ति परमेश्वर आफै हुनुहुन्थ्यो जसले सबै थोकलाई उहाँको चाहना अनुसार आकार दिनुभयो र त्यसलाई सम्हाल्नुभयो। यी विषयवस्तुहरू हामी ६ हजार वर्षसम्म अध्ययन गरिरहेका छौं। प्रत्येक पात, फूल र रुखसँग तिनीहरूसँग सोधपूछ वा अनुसुन्धानात्मक अध्ययन गरेर जीवनको रहस्यको बारेमा तिनीहरूले जम्मा गर्दथे। प्रत्येक जीव जगतसँग जस्तै पानीमा तैरिने लिभिथान वा भयानक ठूलो ह्वेल माछादेखि लिएर साना साना किरा जुन् सूर्यको किरणले तल्काउँथ्यो आदमसँग परिचित थियो। उनले नै तिनीहरूलाई नाउँ दिएका थिए र तिनीहरू रहने ठाउँ र तिनीहरूको स्वभावको बारेमा आदमलाई थाहा थियो। हाम्रा प्रथम् पूर्खाहरूले उदाहरणकोरुपमा देहायका केही विषयबस्तुहरू अध्ययन गर्ने अवसर मिलेका थिए, जस्तै यस सारा जगतमा परमेश्वरको महिमा, अपार नक्षत्र वा जगतमा रहेका अनगिन्ति पृथ्वीहरूका चालहरू, अचम्म तरिकाले बादलहरू झुन्डिएका, आवाज र प्रकाशका रहस्यहरू र दिन र रात। परमेश्वरको नाउँ जङ्गलको प्रत्येक पातमा, पहाडका पत्थरहरूमा, चम्किने प्रत्येक ताराहरूमा, यस

पृथ्वी, आकाश र हावामा लेखिएको हुन्थ्यो। जुन व्यवस्थित र तालमेल गरेर सृष्टि सम्हालिएको थियो त्यसले परमेश्वरको अनन्त ज्ञानबुद्धि र शक्तिको बारेमा बोल्दथ्यो। निरन्तररूपमा तिनीहरूले कुनै न कुनै आकर्षित विषयबस्तुलाई पत्ता लगाउँदै थिए जसले गर्दा तिनीहरूको हृदयमा परमेश्वरप्रतिको गहिरो प्रेमले भरिन्थ्यो र उहाँप्रति आभारित भएर ताजा भावनाहरू व्यक्त गर्दथे।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ५०,५१बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. यदि सृष्टिको सुरुमा अध्यापन र काम भनेको परमेश्वर र उहाँको सृष्टिसँग आदानप्रदान गर्ने विषय उहाँको लक्ष्य थियो भने केही अहिले पनि उहाँको लक्ष्य वा चाहना अनुसार त्यही खालको शिक्षा पाइरहेका छौं कि काम गरिरहेका छौं? हाम्रा काम जुनसुकै भएतापनि हामीहरूको कामद्वारा परमेश्वरसँग कसरी परिचित हुने? ती कामहरूमा शिक्षण पेशा होस् वा अरू कुनै होस्, तलब पाएर होस् वा स्वयंसेवक भएर होस् वा परमेश्वरको सेवाकार्यमा लाग्ने होस् वा चर्चको कुनै क्षेत्रमा सम्मिलित भएर काम गर्ने आदि होस्।

आ. जुन चलाखी अपनाएर अदनको बगैंचामा शैतानले आदम र हव्वालाई फसाए त्यसले गर्दा हामी मानिसमा भएको कमजोरले हामीलाई सजिलैसँग निराश बनाउन सक्दछ। परमेश्वर आफूहरूको नजिक हुनुहुन्थ्यो भनेर आदम र हव्वालाई थाहा थियो, तैपनि तिनीहरूले सर्प वा शैतानको आदि सत्यलाई ग्रहण गरे। अहिले हामी आदम र हव्वाजस्तै परमेश्वरसँग भौतिकरुपमा नजिक छैनौं तैपनि शैतान वा कुनै तत्वले ल्याउने प्रलोभनबाट बच्न परमेश्वरबाट हामीले शक्ति कसरी पाउने?

इ. आफूभन्दा माथिको वा अधिकारवालाहरूको कुरा मान्न किन जरुरी छ? जब अगुवा र उनका मुनी रहेको बीचमा हुनुपर्ने सम्पर्कमा बादल लाग्यो भने के हुन्छ? शासक वर्गले आफूहरूले पाएका अख्तियार वा अधिकारलाई कसरी दुरुपयोग गर्न सक्छ र त्यसको हामी कसरी सामना गर्ने?

कथा १

## सत्य परमेश्वरको खोजिमा

## जयशिला भेन्कटेश (३४), भारत

बीस वर्षकी जयशिला मध्य-भारतको गाउँमा बस्दथी। उनी अत्यन्तै गरिब थिइन्। उनको डकर्मी श्रीमान भेन्केटेशले काम पाउन धेरै मेहनत गर्नुपर्दथ्यो। तिनीहरूका ४ वर्षको छोरा र २ वर्षकी छोरी थिए। जयशिला तिनीहरूलाई स्याहार्न घरमै बस्दथी आफ्नो घरमा तीनवटा देवताहरूका फोटोहरू थिए। उनले दिन दिनै ती फोटोहरूलाई ढोग्दथी। आफ्नो आँखा बन्द गर्दै भजन गाउँदै ती देवताहरूलाई पुकार्थी "आजको निम्ति हामीलाई खाना दिनुहोस्। हामीसँग पैसा छैन। कमसेकम आजको निम्ति भएपनि खान दिनुहोस्।" हरेका शुक्रबार बिहानदेखि बेलुकासम्म उनी र उनको श्रीमान ती देवताहरूलाई खुशी पार्न उपवास बस्थे र पुजा गर्दथे। तर ती देवताहरूप्रति जति भक्ति देखाएतापनि र तिनीहरूलाई पूजा गरेतापनि तिनीहरूको बिन्ति ती देवताहरूले सुनेका थिएनन्। कहिलेकाहीँ दयालु छिमेकीले केही हरियो सागपात दिन ल्याउँथ्यो। तर कतिपय समयमा त्यो परिवार भोकै हुन्थ्यो। ती देवताहरूले तिनीहरूलाई किन वास्ता गरेन होला भनेर जयशिलाले ठानिन्। तिनीहरूको बिन्ति सुन्न अरू कुनै देवताहरू होलान् कि भनि उनि खोज्न थालिन्।

एक दिन तिनीहरूको छिमेकीमा रहेको एउटा इसाई चर्चमा तिनीहरू गए। त्यस चर्चमा प्रत्येक आइतबार आराधना हुन्थ्यो। आफ्नो परिवारसहित जयशिला त्यस चर्चमा गइन्। सत्य परमेश्वरलाई उनले पाउन चाहेकी थिइन्। केही समयपछि उनले अर्को छोरी जन्माइन्। बच्चीलाई सास फेर्न गाऱ्हो भएको थियो। "हामीले उलाई बचाउन सक्दैनौं" भनेर डाक्टरले भने। अनि जयशिलाले चर्चको पास्टरलाई आफ्नी छोरीको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्। उनले येशूलाई प्रार्थना गरे र अचम्म तरिकाले त्यो बच्ची राम्रो हुन थाल्यो। आफूले सत्य परमेश्वर पाएको हो कि भनेर जयशिलाले सोच्न थालिन्। त्यसपछि जब जब उनका छोरा छोरीहरू बिरामी हुन्थे तब उनले पास्टरलाई प्रार्थनाको निम्ति बोलाउँथी। तिनीहरू निको हुन्थे र तिनीहरू अस्पतालमा कहिल्यै पनि जानुपरेन। तर एक दिन त्यस पास्टरको मृत्यु भयो।

जयशिला चिन्ताले व्याकुल भइन्। उनको सबै आवश्यकताहरूको निम्ति उनी त्यस पास्टरको प्रार्थनामा भर पर्थी।

एक दिन उनका तीनै जना छोराछोरीहरू बिरामी भए र अब के गर्ने भनेर उनलाई थाहा भएन। अब कसकहाँ जाने भनेर उनी चिन्तित भइन्। उनी गएकी चर्चमा नयाँ पास्टर नियुक्ति भएको थिएन। त्यहाँ भएका दुई जना अगुवाले पास्टरी कामको लागि तँछाडमछाड गर्दै थिए। उनी आफैले येशूलाई प्रार्थना गर्न जानेकी थिइनन। उनी डराउन थालिन्। रुँदै रुँदै उनले बाइबल हातमा लिएर पढ्न प्रयास गरिन्। उनी केवल चार कक्षमामात्र पढेकि थिइन्। तैपनि उनले जसोतसो गरेर बाइबल पढ्न थालिन् र त्यहाँ लेखिएका वचनहरू बुझ्न प्रयास गर्न थालिन्। उनले बाइबलमा येशूको बारेमा लेखेको पढ्न धेरै प्रयास गरिन्। उनी पढ्दा पढ्दा येशू त शनिबार पो चर्चमा जानुहुन्थ्यो आइतबार होइन भनेर उनले पढ्दा उनी छक्क परिन्। केही समयपछि उनी आफ्नो चर्चमा गइन्। त्यसबेला नयाँ पास्टर नियुक्ति भइसकेको थियो। एक दिन पास्टरलाई उनले सोधिन् "बाइबल अनुसार शनिबार पवित्र दिन हो हामीले येशूको किन आइतबारै आराधना गर्छौं?' त्यस्तो पढ्न लेख्न नजान्ने स्त्रीबाट त्यो प्रश्न आउँदा पास्टरले मन पराएनन्। "तिमी त शैतानको फन्दामा छौ। येशूले सबै आज्ञाहरू खारेज गर्नुभयो। त्यसकारण त्यसको चिन्ता नगर्नु" पास्टरले ठाडै जवाफ दिए। जयशिलाले होला भनेर पास्टरको कुरा सुनिन्। तर एक दिन १२ वर्षकी एक जना केटीले चर्चको प्रार्थना सङ्गतिमा दश आज्ञा कण्ठ गरेकि उनले सुनिन्। त्यस केटीले चौथौं आज्ञा दोहोर्‍याएको सुनिन्, "साबथ दिन याद गर्नु र यसलाई पवित्र राख्नु" (प्रस्थान २०:८)। सबै दश आज्ञाहरू त्यस केटीले कण्ठ गरेकोले पास्टरले उनलाई श्यावास दिए। तर यदि येशूले सबै आज्ञाहरू खारेज गर्नुभयो भने ती आज्ञाहरूलाई कण्ठ गर्नु केको अर्थ भनेर जयशिलाले सोच्न थालिन्। केही दिनपछि जयशिला पास्टरको घरमा गइन्। त्यहाँ उनले पास्टरको कोठाको भित्तामा दश आज्ञा लेखेको पोस्टर झुण्ड्याइ राखेकी देखिन्। अब त उनी झन अलमलमा परिन्। यदि आज्ञाको औचित्य नै छैन भने पास्टरले नै त्यो दश आज्ञाको पोस्टर आफ्नो कोठाको पर्खालमा किन झुण्ड्यायो होला भनेर सोच्न थालिन्। अनि जीवनको पहिलो पल्ट उनले येशूसँग प्रार्थना गरिन्, "प्रभु येशू मलाई सत्य देखाउनुहोस्।"

त्यस रात उनले एउटा सपना देखिन्। सपनामा आफू दौडमा भाग लिइरहेकी थिइन् र अचानक कसैले उनलाई रोकेको थियो। अनि उनी बिउँझिइन्। त्यो दौडमा दौड सिध्याउन नै नपाइ उनलाई कसले रोक्यो भन्ने कुरामा उनलाई रिस उठेको थियो। सुत्न नसक्दा उनले प्रार्थना गरिन्, "प्रभु येशू, म दौड प्रतियोगितामा भाग लिइरहेको थिएँ। अब मलाई थाहा भएन कहाँ जाने। मलाई बाटो देखाइदिनुहोस्।" त्यो सपना देखेको केही दिनपछि उनकहाँ एक जना आफन्त भेट्न आयो। उसलाई उनले सात वर्ष सम्म भेटेको थिएन। आफूले त्यस चर्चको सदस्य हो जसले साबथ समेत गरेर सबै दश आज्ञाहरू पालन गर्छन्।

आज, जयशिला र उनको श्रीमान विश्वासिलो सेभेन्थ-डे एडभेन्टस्ट भएका छन्। तिनीहरूले आफ्नै गाउँको नयाँ घरमा हरेक साबथ आराधनाको कार्यक्रम चलाउँछन्। ती परिवार पहिलाको जस्तै गरिब छैनन्। केही समय अघि उनको घरेल चर्चमा गाउँका १५ जनाले येशूलाई आफ्ना हृदयहरू दिएका छन्।

परमेश्वरले आफूलाई कुन बाटो जाने भनेर देखाउनुभएको थियो भनेर जयशिलाले विश्वास गर्छिन्।

(यस त्रैमासिकको भेटीको उब्रिएको केही भाग जयशिलाको गाउँको नजिकमा रहेको बङ्गलोरमा दुई वटा चर्चहरू स्थापना सहयोग मिल्नेछ)।

**-लेखकः** आन्द्र्यु मेकचेस्नी